# Agricultural Development Bank Ltd.
# कृषि विकास बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

## मुख्य कार्यालय, जनशक्ति व्यवस्थापन विभाग

### आन्तरिक प्रतियोगितात्मक परीक्षाको आधारमा हुने बढुवाको लागि दरखास्त फाराम भर्ने सम्वन्धी सूचना

(सूचना प्रकाशन मिति २०७९/०३/२४)

यस बैंकको आ.व.२०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत स्थायी कर्मचारी दरवन्दीमा रिक्त रहेका तपसिलका पदनाम, स्तर, तह र सेवामा **आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा** पदपूर्ति गर्न लोक सेवा आयोगबाट मिति २०७९/०३/१९ मा सहमति प्राप्त भएकोले **२०७८ असार मसान्तसम्ममा कृषि विकास बैंक लि. कर्मचारी सेवा विनियमावली, २०६२ बमोजिम सम्भाव्य भएका** उम्मेदवारले बढुवा प्रक्रियामा सहभागी हुनका लागि रितपूर्वक दरखास्त पेश गर्न आव्हान गरिएको छ । आन्तरिक प्रतियोगितात्मक परीक्षाको आधारमा हुने बढुवा प्रक्रियामा सहभागी हुनका लागि २०७८ असार मसान्तसम्म सम्भाव्य भएका उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र परीक्षा दस्तुर वापत अधिकृतस्तरको लागि रु.१,०००।- (एक हजार रुपैयाँ) मात्र र सहायक स्तरको लागि रु.६००।- (छ सय रुपैयाँ) मात्र कृषि बिकास बैंक लि. वित्त तथा लेखा विभागको नाममा कर्पोरेट बैंकिङ्ग रामशाहपथमा रहेको खाता नं. ०१००२०११०१०००००२० मा आवेदकको नाम, बहाल रहेको पद र कर्मचारी कोड नं. उल्लेख गरी रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी आवेदन दिनु पर्नेछ । आवेदकले बैंकको Human Resource Management System (HRMS) मा उम्मेदवार कर्मचारी स्वयमको User ID र Password प्रयोग गरी Recruitment मा रहेको Application Form बाट Online System मार्फत दरखास्त पेश गर्नु पर्नेछ । उल्लेखित विज्ञापनहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुने तथा लिखित परीक्षाको प्रक्रिया, परीक्षा हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशन गरिने छ । दरखास्त फाराम भर्ने सम्वन्धमा कुनै द्विविधा भएमा बैंकको जनशक्ति व्यवस्थापन विभागमा सम्पर्क गर्न सकिने छ । तोकिएको अवधिभित्र आवेदन पेश नगरेका वा रितपूर्वक दरखास्त फाराम नभरेका सम्भावित उम्मेदवारहरु आन्तरिक प्रतियोगितात्मक परीक्षा प्रक्रियामा सहभागि हुन नपाउने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

| सि.नं. | विज्ञापन नम्वर | पदनाम | स्तर | तह | सेवा | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ८/२०७८-७९ | विभागीय प्रमुख | अधिकृत स्तर | १० (दश) | प्रशासन | १ |
| २ | ९/२०७८-७९ | शाखा प्रमुख | अधिकृत स्तर | ८ (आठ) | प्रशासन | १० |
| ३ | १०/२०७८-७९ | शाखा प्रमुख | अधिकृत स्तर | ८ (आठ) | प्राविधिक | २ |
| ४ | ११/२०७८-७९ | शाखा अधिकृत | अधिकृत स्तर | ६ (छ) | प्रशासन | ८ |
| ५ | १२/२०७८-७९ | ऋण/कर्जा/प्राविधिक अधिकृत | अधिकृत स्तर | ६ (छ) | प्राविधिक | २ |
| ६ | १३/२०७८-७९ | कार्यालय सहायक | सहायकस्तर | ५ (पाँच) | प्रशासन | ११ |
| | जम्मा : | | | | | ३४ |

सदस्य सचिव
पदपूर्ति समिति
कृषि विकास बैंक लि.